# श्री बाँके जिल्ला अदालत

## फैसला कार्यान्वयन शाखाबाट जारी भएको

## दशीका कार तथा मोटरसाईकलहरु डाँक लिलाम बढाबढद्वारा विक्रि गर्ने सम्बन्धी जरुरी सूचना

**सूचना प्रकाशन लागू हुने मिति:-२०७८।०४।**

यस अदालतमा विभिन्न मुद्दाहरुमा दशीको रुपमा दाखिला हुन आएका जिन्सीमा आम्दानी बाँधीएका निम्न लिखित दशीका कार तथा मोटरसाईकलहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम समेत सीलबन्दी डाँक लिलाम बढाबढद्वारा एकमुष्ठ विक्रि गरिने भएकोले यस अदालतको मिति २०७८/०२/१६ को निर्णय र मिति २०७८।०४।१० गते बसेको मुल्याङ्कन समितिको निर्णयअनुसार सीलबन्दी डाँक लिलाम बढाबढमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७८।०४।१८ गतेदेखि मिति २०७८।०४।३२ गतेसम्म यस अदालतबाट जारी गरिएको दरखास्त निवेदन लिई (रु.१,०००/- फिर्ता नहुने) न्यनतम मुल्याङ्कनको १०% ले हुने रकम यस अदालतको धरौटी खातामा जम्मा गरी निवेदन दर्ता भएमा मिति २०७८।०५।०२ गतेको सीलबन्दी डाँक लिलाम बढाबढमा सहभागी गराईने भएकोले देहायको शर्त रहने गरी लिलाम सकार गर्न ईच्छुक नेपाली नागरिक तथा फर्महरुबाट सीलबन्दी डाँक लिलाम बढाबढको लागि आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सन्तबहादुर पौडेल
(तहसीलदार-शाखा अधिकृत)

## तपसील

| सि.नं. | जिन्सी नं. | गाडि नं. | जि.मिति | मुद्दा नं. | जाहेरवाला | प्रतिवादी | मुद्दा | मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २१३ | भे.४ प ७६३० | २०७३/११/१० | ०७३-cr-०२९२ | नेपाल सरकार | डम्मर रामजाली समेत | ला.औ. | ४०,०००/- | |
| २ | २७६ | भे २.प.७९४४ | २०७४/०६/२२ | ०७४-/cr-००७३ | नेपाल सरकार | काग्रेश भुजवा | ला.औ.ब्रा.सु. | १५,०००/- | |
| ३ | २९९ | भे.4.प.२३१७ | २०७४/०८/०३ | ०७४-cr-०१३४ | नेपाल सरकार | बिनोद बोहरा समेत | ला.औ.ब्रा.सु. | ३०,०००/- | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ३२६ | भे.६.प.५९९२ | २०७४/०९/२४ | ०७४-cr-०२२६ | नेपाल सरकार | नविन सुनार समेत | ला.औ.ब्रा. सु. | ५०,०००/- | |
| ५ | २८० | भे.५.प.३२८० | २०७४/०६/२५ | ०७४-cr-००९३ | नेपाल सरकार | गोविन्द खटिक समेत | ला.औ.ब्रा. सु. | २०,०००/- | |
| ६ | ३४७ | UP.40.AA.4159 | २०७४/१२/१९ | ०७४cr-0328 | नेपाल सरकार | राम सनेही यादव | ला.औ.ब्रा.सु. | ४०,०००/- | |
| ७ | २५९ | भे.६.प ७१६४ स्कुटी | २०७४/०४/२७ | ०७४-cr-००२७ | नेपाल सरकार | मान बहादुर चन्द | ला.औ.ब्रा. सु. | ३०,०००/- | |
| ८ | ४०२ | up.40R 6138 | २०७५/०३/०७ | ०७४-cr-०४७६ | नेपाल सरकार | सुनिल कुमार तिवारी | ला.औ.ब्रा. सु. | २५,०००/- | |
| ९ | ११२ | भे.२.प.८३२२ | २०७३/०१/२९ | ०७२-cr-०४८८ | नेपाल सरकार | मान बहादुर बस्नेत | ला.औषध | १५,०००/- | |
| १० | १२६/२१०० | up.31.s 5822 | २०७१/११/१८ | ०७१-cr-०२१३ | नेपाल सरकार | वकिल खाँ समेत | ला.औषध | २,५००/- | दर्ता नहुने |
| ११ | २२३ | भे.४.प.6226 | २०७३/१२/२७ | ०७३-cr-०३५० | नेपाल सरकार | लक्ष्मण खत्री समेत | ला.औषध | १७,०००/- | |
| १२ | १८/९८ | ना.6.प 1672 हिरोहोण्डा | २०७०/०५/०६ | ०७०-cr-000६ | नेपाल सरकार | सुहेल भन्ने सुऐव पठान | ला.औषध.ब्र.सु | १,५००/- | दर्ता नहुने |
| १३ | २४८ | लु.१९.प.3430 | २०७४/०४/०१ | ०७३-cr-०४५८ | नेपाल सरकार | जय विर घर्तिमगर समेत | मानव ओसारपसार | २०,०००/- | |
| १४ | २७९ | भे.६.प.9659स्कुटर | २०७४/०६/२५ | ०७४-cr-00८९ | नेपाल सरकार | मानेन्द्र नेपाली समेत | ला.औ. हेरोईन | ३०,०००/- | |
| १५ | ३८१ | भे.2.प.1612 | २०७५/०२/०२ | ०७४-cr-०४२६ | नेपाल सरकार | सन्तोष थापामगर समेत | ला.औ.ब्रा. सु. | १२,०००/- | |
| १६ | ६७८ | up.40.Ac.1518 कार | २०७६/०६/०८ | ०७५-c1-०१५४ | नेपाल सरकार | प्रजुन गिरी | हातहतिया तथा खरखजाना | ५,५०,०००/- | |
| १७ | २५६ | रा.२.प.9954 | २०७४/०४/२० | ०७४-cr-००१८ | नेपाल सरकार | माल बहादुर वि.क | ला.औ. अफिम | ४०,०००/- | |
| १८ | ७४० | भे.८.प.1503 | २०७६/०८/२९ | ०७५-c1-०१५६ | नेपाल सरकार | ढुकु रोका समेत | ला.औ. (अफिम) | ७०,०००/- | |
| १९ | ६२८ | भे.६.प.3718 | २०७६/०४/२८ | ०७६-c1-००१७ | नेपाल सरकार | बालकृष्ण गिरी समेत | ला.औ. हेरोईन | २५,०००/- | |
| २० | ४३५ | लु.40.प.6244 | २०७५/०४/०५ | ००७५-cr-००६४ | नेपाल सरकार | अमित तामाङ्ग समेत | ला.औ. हेरोईन | ५०,०००/- | |
| २१ | ४१४ | भे.2.प.638होण्डा साईन | २०७५/०८/०४ | ०७५-cr-०००८ | नेपाल सरकार | कृष्ण प्रसाद आचार्य | संगठित अपराध | ६,०००/- | |
| २२ | ११०/१९५ | up.40.p 9835 | २०७४/०७/१४ | ०७१-cr-००७३ | नेपाल सरकार | मो.सरिफ अन्सारी समेत | ला.औ. ब्रा.सु. | २५,०००/- | |
| २३ | ३ | भे.4.प 1041 | २०७२/०४/०७ | ०७१-cr-०३९१ | नेपाल सरकार | गेहेन्द्र थापा समेत | ला.औ. ब्रा.सु | १०,०००/- | |
| २४ | १२३/२०७ | भे.४.प. 8245स्कुटी | २०७१/१०/१५ | ०७१-cr-०२०७ | नेपाल सरकार | जमिल हलवाई समेत | ला.औ. ब्रा.सु. | १०,०००/- | |
| २५ | ७७१ | भे.9.प 4459 | २०७६/०९/०१ | ०७६-c1-०३०४ | नेपाल सरकार | निर्मल खत्री | ला.औ. हेरोईन | ५०,०००/- | |
| २६ | ७७५ | भे.२.प.6571 | २०७६/१०/२८ | ०७६-c1-०३३४ | नेपाल सरकार | पेस्कर खटिक | ला.औ. हेरोईन | १०,०००/- | |
| | | जम्मा | | | | | | ११,९४,०००/- | |

सर्तहरुः-

१) सीलबन्दी डाँक लिलाम बढाबढमा सहभागी हुन चाहने व्यक्ति, संस्था वा फर्मले मिति २०७८।०४।३२ गतेसम्म नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र संस्था वा फर्मले कर चुक्ताको प्रमाणपत्र नविकरण सहितको फर्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि, न्युनतम मूल्यको १०% रकम यस अदालतको धरौटी खातामा दाखेल गरेको रसिद अलगै राखी व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको हकमा आधिकारिक व्यक्तिबाट सीलबन्दी

डाँक लिलाम फारम दस्तुर सहित यस अदालतबाट जारी निवेदन भरी न्युनतम मूल्याङ्कन भन्दा माथिको रकम भरी खामबन्दी गरी लाहाछाप लगाई यस अदालतको तहसील शाखामा बुझाउनु पर्नेछ,

२) सीलबन्दी डाँक लिलाम बढाबढको निवेदन मिति २०७८।०४।१८ देखि मिति २०७८।०४।३२ गतेसम्म दर्ता नभएमा मिति २०७८।०५।०२ गते दिनको २.०० बजे उपस्थित हुने व्यक्ति, संस्था वा फर्मलाई डाँक लिलाम बढाबढमा सहभागी गराईने छैन्,

३) सीलबन्दी डाँक लिलाम सम्पन्न हुँदा सबभन्दा बढी अंक बोलकबूल गर्ने व्यक्ति वा संस्थाको बाहेक अरुको धरौटी रकम नियमानुसार (व्यक्तिको हकमा नेपाली नागरिकताको सक्कल प्रमाण पत्र हेरी र संस्थाको हकमा आवश्यक प्रमाण कागजात हेरी) फिर्ता गरिने छ,

४) सीलबन्दी डाँक लिलाम बढाबढ निवेदन दर्ता गराउने व्यक्ति वा संस्थाले मिति २०७८।०५।०२ गते दिनको २.०० बजेसम्म सम्पन्न हुने सीलबन्दी डाँक लिलाम बढाबढ कार्यमा स्वयं उपस्थित हुनुपर्ने छ, निवेदन दर्ता गराई सो मिति र समयभित्र उपस्थित नहुने निवेदन दर्तावालालाई कुनै मौका प्रदान गरिने छैन,

५) सीलबन्दी डाँक लिलाम बढाबढ हुने दिन कुनै सार्वजनिक विदा परेमा सो सार्वजनिक विदा सकिएको भोलिपल्ट माथिकै प्रक्रिया बमोजिम लिलाम बढाबढ कार्य सम्पन्न गरिने छ,

६) सीलबन्दी डाँक लिलाम बढाबढ यस अदालतबाट स्वीकृत भई सकार गरिलिने व्यक्ति वा संस्थाले ७(सात) दिनभित्र आफूले बोलकबूल गरेको रकम दाखिल गरी लिलाम हुने कार तथा मोटरसाईकलहरु जे जुन अवस्थामा छन् सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुका साथै यातायातमा दर्ता गराउँदा लाग्ने सम्पूर्ण खर्च बोलकबूलकर्ता नै बेहोर्नु पर्नेछ,

७) बोलकबूलकर्ताले तोकिएको म्यादभित्र बोलकबूल गरेको रकम दाखिल नगरेमा धरौटी रकम जफत हुनेछ, साथै समयावधिभित्र लिलामबाट डाँक सकार गरेका सवारी साधनहरु नउठाएमा कानुन बमोजिम हुनेछ,

८) सीलबन्दी डाँक लिलाम बढाबढ हुने सवारी साधनहरु हेर्न चाहेमा वा यस सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भए अड्डा समय विहान १०.०० बजेदेखि बेलुका ५.०० बजेसम्म यस अदालतको तहसील शाखामा सम्पर्क गर्न सकिनेछ,

९) सीलबन्दी डाँक लिलाम बढाबढ सम्बन्धी सम्पूर्ण अधिकार यस अदालतमा रहनेछ।